प.सं. प्रशासन /०७०/०७१ मिति :– २०७१।१।४
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७० साल चैत्र महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७०।१२।११ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री टीकादत्त राई | – | प्रमुख/का.अ. सि.न.पा. |

**आमन्त्रीत**

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | – | ब.ई. सि.न.पा. |
| श्री बिवेक कुमार खनाल | – | ब.अ. सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | – | ब.अ. सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | – | शाखा अधिकृत |
| श्री श्रीराम गुप्ता | – | अध्यक्ष, कर्मचारी एशोसिएशन |

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिकाको फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नको लागी फोहोर ओसार पसार गर्न ट्रेक्टर कमि भएको हुँदा २(दुई) थान ट्रेक्टर उपलब्ध गराई दिनु हुन संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय जगेडा कोषमा अनुरोध गर्ने निर्णय गरियो ।




"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिका वडा नं. ६ महाविरपथ बस्ने हेमनेली ग्रेस इङ्गलिस एकेडेमीका अध्यक्ष श्री टेक बहादुर हिताङ्गले हेमेनेली ग्रेस ईङ्गलिस एकेडेमी नामक पूर्व प्राथमिक विद्यालय कक्षा सञ्चालन गर्न अनुमती पाउ भनी माग गरेकोमा यस कार्यालयबाट स्थलगत निरिक्षण गर्दा विद्यालय खोल्ने सम्बन्धमा तोकिएको सवै शर्तहरु शिक्षा सम्बन्धि ऐन, नियम र निर्देशिका बमोजिम पुरा गरेको देखिएकाले नियमानुसार विद्यालय खोल्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

M-WASH कार्यान्वयन समितिको मिति २०७०।११।२० गते बसेको बैठकबाट सिफारिश भई आएका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(क) सिद्धार्थनगर नगरपालिकालाई २०७१ साल आषाढ मसान्त सम्ममा ODF घोषणा गर्ने भनी प्रतिवद्धता व्यक्त गरि सकिएकोमा उक्त कार्यलाई सम्पादन गर्न गराउन सि.न.पा. को वडा नं. १ देखि १३ वडामा वसोवास गर्ने नगरवासीहरुको चर्पि (ODF) सम्बन्धि यथार्थ अवस्था बारे जानकारी लिनुपर्ने र चर्पि नभएका व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउन सम्पन्न परिवार, मध्यम परिवार र निम्न (अति गरिव) परिवारको सम्पन्नता स्तरिकरण (क, ख र ग) वर्गिकरण गर्नुपर्ने भएको हुँदा क, ख र ग वर्गिकरण गरि यथार्थ विवरण तयार पारी प्रतिवेदन साथ विवरण पेश गर्नका लागी आपसी समझदारीमा ODF सम्बन्धि अनुभवी संघ संस्थालाई जिम्मा दिने ।

(ख) सिद्धार्थनगर नगरपालिकाको वडा नं. ५, ७, ८, ९ र १२ वडालाई यसै आ.ब. २०७०।०७१ मा खुला दिशा मुक्त वडा घोषणा पहिलो चरणमा गर्नका लागी आवश्यक कार्यक्रमहरु उक्त वडामा संचालन गर्ने ।

(ग) सि.न.पा. लाई २०७१ साल आषाढ मसान्त सम्ममा खुला दिशा मुक्त नगर घोषणा गर्नका लागी निर्णय भए बमोजिम वढा नं. १ देखि १३ वडामा बसोवास गर्ने नगरवासीहरु मध्ये २,३०० (दुई हजार तिन सय) घरमा चर्पि नभएको हुँदा निजहरुलाई चर्पि निर्माण गरि प्रयोग गर्ने वातावरण निर्माण गर्न र तोकिएको समयमा सि.न.पा. लाई ODF घोषणा गर्नका लागी जिल्ला विकास समिति, रुपन्देहीबाट प्रति चर्पि रु १०००।- र खानेपानी तथा सर सरफाई डिभिजन कार्यालय योगीकुटीबाट प्रति चर्पि रु १०००।- (सम्मान, पुरस्कार, प्रोत्साहन, कदर, चक्रकोष) वापत हुन आउने रकम सि.न.पा. मा पठाई सहयोग गरिदिन त्रिपक्षीय सि.न.पा., जि.वि.स. र खानेपानी तथा सर-सफाई डिभिजन कार्यालय विच सम्झौता गर्ने ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

(घ) सिद्धार्थनगर नगरपालिकाको आयोजनामा २० गते बसेको ODF सम्बन्धि भेलाले यस न.पा. लाई २०७१ साल आषाढ मसान्त सम्ममा खुला दिशा मुक्त नगर बनाउने (घोषणा गर्ने) भनी निर्णय भए बमोजिम आज सम्मको ODF सम्बन्धि अवस्थालाई विश्लेषण गर्दा तोकिएको मिति सम्ममा सवै वडा वडाहरुलाई ODF घोषणा गर्न गराउन प्राविधिक समस्या देखिएकोले केही वडालाई पहिलो चरणमा ODF घोषणा गर्न र अन्य वडाको हकमा ODF घोषणा मिति थप गरि व्यापक रुपमा कार्यक्रम सञ्चालन गर्ने ।

**निर्णय नं. ४(चार)**

सिद्धार्थनगर नगरपालिका क्षेत्रमा खुला दिशामुक्त क्षेत्र घोषणा गर्ने प्रयोजनको लागी अनुगमन गर्न गठन भएको अनुगमन समितका पदाधिकारीहरुलाई अनुगमन गरेको दिनको खाना खर्च वापत प्रतिव्यक्ति रु ३००।- का दरले दिने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np